# राष्ट्रिय युवा परिषद नेपाल

National Youth Council Nepal,

Kalaiya ,Bara

# बार्षिक प्रगती प्रतिवेदन

# 2071/072

**परिचय :**

२६°५१' देखि २७°२' सम्म उत्तर आक्षांश र ८४°५१' देखि ८५°१६' पुर्वी देशान्तर सम्म फैलिएको बारा जिल्ला पुर्वमा रौतहट, पश्चिममा पर्सा, उत्तरमा मकवानपुर र दक्षिणमा भारतको विहार राज्यको पूर्वी चम्पारण जिल्ला पर्दछ। प्रशासनिक दुष्टिले यस जिल्लालाई ६ संसदिय निर्वाचन क्षेत्रमा छुट्याई एक नगरपालिका र ९८ गाउँ विकास समितिहरुमा विभाजित गरिएको छ। करिब ११९० वर्ग कि. मी.मा फैलिएको यस जिल्ला समुन्द्र सतहबाट १५२ मि. देखि ९१५ मि.को उचाईमा अवस्थित छ। राष्ट्रिय जनगणना २०६८ अनुसार वारा जिल्लाको कुल जनसंख्या ५ लाख ५९ हजार १ सय ३५ रहेको थियो। उक्त जनसंख्या मध्ये महिलाको जनसंख्या २६९७३८ र पुरुषको २८९३९७ रहेको छन् भने १८ वर्ष मूनिका बालबालिकाको जनसंख्या २८२९४९ रहेको छ। जसमध्ये बालिका १३५९३४ र बालक १४७०१५ रहेका छन्।

**पृष्ठभुमी :**

देशको बदलिदो परिस्थिीमा युवाहरुको सशक्तिकरण र चौतर्फी विकासका लागि युवाहरुको लागि युवाहरुद्वारा अभियानकै रुपमा एक स्वतन्त्र र निष्पक्ष गैरसरकारी संस्थाको रुपमा काठमान्डौ जिल्ला प्रशासन कार्यालयमा दर्ता भई हाल देशको करिव ३५ जिल्लामा युवाहरुको नेतृत्वमा संचालनमा रहेको राष्ट्रिय युवा परिषद नेपाल मिति २०७१ जेष्ठ ११ गतेको दिन देखि बारामा जिल्लामा जिल्लास्तरीय कार्यसमितिको चयन गरी आफ्नो कार्य थालनी गरेको हो।

बारा जिल्लामा यस संस्थाले स्थानीय विभिन्न सरकारी निकायहरुसंग कार्यगत समन्वय र सहकार्य गरी कृषि, महिला सशक्तिकरण, बालसंरक्षण, शिक्षा, प्रजन्न स्वास्थ्य, ज्येष्ठ नागरिक सम्मान, पिछडियाका युवाहरुको लागि सशक्तिकरण कार्यक्रम र गाविसको प्रोफाइल बनाउने जस्ता क्रियाकलापहरु संचालन गर्दै आएको छ। यी सवै कामहरुमध्ये विशेष गरी कृषि क्षेत्रमा युवाहरुलाई उत्प्रेरित गराई स्थानीय स्तरमै रोजगारीको अवसर सृजना गर्ने जस्ता क्रियाकलापाहरुलाई विशेष रुपमा प्राथमिकता दिदै आएको छ। यसका सथै स्थानीय विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय गरी विभिन्न दिवसहरु पनि मनाउने गरेको छ।

**उदेश्य :**

समाज, बालबालिका, महिला, पिछडावर्ग, ज्येठ नागरिक र युवाहरुको लागि युवाहरुद्वारा विकास र सशक्तिकरणका लागि विभिन्न गतिविधीहरुको माध्यमबाट पहल गर्ने र गराउने र युवाहरुको एक स्वतन्त्र र निष्पक्ष संस्थाको रुपमा स्थापित हुने।

**लक्षित वर्ग :**

- महिला
- बालबालिका
- ज्येष्ठ नागरिक
- युवा
- पिछडिएका युवा समुदाय

**सम्पन्न भएका क्रियाकलापहरु :**

| क्र. सं | क्रियाकलाप | स्थान/गाविस | लाभान्वित संख्या | सहयोगी निकाय | अनुदान रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| **क** | **कृषि** | | | | | |
| १ | नयाँ प्रविधीको तरकारी खेती २ दिने तालिम तथा विउ विजन वितरण | फेटा | ९० जना | गाविस फेटा | ९८,५००। | |
| २ | IPM खेती सम्बन्धि २ दिने तालिम | इटीयाही | ५० जना | गविस इटियाही | ५०,०००। | |
| ३ | IPM प्रविधिबाट तरकारी खेती बारे २ दिने तालिम | छतवा | ५५ जना | गाविस छतवा | ५०,०००। | |
| **ख** | **महिला सशक्तिकरण कार्यक्रम** | | | | | |
| ४ | महिलाहरुको प्रजन्न स्वास्थ्य बारे २ दिने तालिम | पिपरपाती जब्दी | १४३ जना | गाविस पिपर पाती जब्दी | १,००,०००। | |
| ५ | महिला हिंसा विरुद्ध मास अवार्नेस यात्रा | पुरैनिया, फेटा, छतवा, बरैनिया | ७२८ जना | जि.वि.स. | १,००,०००। | |
| **ग** | **बालदुर्व्यवहार विरुद्ध बालसंरक्षण अभियान** | | | | | |
| ६ | बालसंरक्षण सम्बन्धि विधालयस्तरीय अभिमुखीकरण (३ वटा विधालय) | पिपरपाती जब्दी | ४८८ जना | गाविस पिपर पाती जब्दी | १,००,०००। | |
| **घ** | **युवा सशक्तिकरण कार्यक्रम** | | | | | |
| ७ | सुरक्षित वैदेशिक रोजगारी सम्बन्धि अभिमुखीकरण | बगही | ३७ जना | गाविस बगही | ३०,०००। | |
| **ङ** | **ज्येष्ठ नागरिक सम्मान कार्यक्रम** | | | | | |
| ८ | ज्येष्ठ नागरिकहरुको लागि फुल वितरण तथा सम्मान गोष्ठी | बगही | १९ जना | गाविस बगही | ३०,०००। | |
| **च** | **पिछडावर्ग सशक्तिकरण कार्यक्रम** | | | | | |
| ९ | पिछडावर्गका जातीहरुको लागि सशक्तिकरण गोष्ठी | त्रिवेणी | ४२ जना | गाविस भलुही भरवलिया | ५०,०००। | |
| **छ** | **सर्वे तथा अनुसन्धान** | | | | | |
| १० | गाविस मटिअर्वाको सर्वे तथा प्रोफाइल तयारी | मटिअर्वा | मास | गाविस मटिअर्वा | ८०,०००। | |
| | **जम्मा** | | **१,६५२** | | **६,८८,५००।** | |

| | | जना | | | |
|---|---|---|---|---|---|

**सम्पर्क र समन्वय :**

बारा जिल्लामा यस संस्थाले निम्न निकायहरुसंग समन्वय र सहकार्य गरी काम गर्ने गरेको छ :




**उपलब्धी :**

- स्थापनाको पहिलो वर्षमै जिल्लामा स्थापित हुन सफल भएको ।
- स्थानीय विभिन्न सरकारी निकायहरुसंग सहकार्य गरी काम गरिएको ।
- सरोकारवालाहरुको आवश्यक सहयोग प्राप्त भएको ।
- यस संस्थाको केन्द्रिय तथा विभिन्न जिल्ला शाखाहरुसंग राम्रो सम्बन्ध कायम भएको ।
- संस्थाको उदेश्य अनुसारको गतिविधीहरु संचालन गरिएको ।
- विभिन्न क्षेत्रमा एकै पटकमा काम गर्न सकिएको ।
- संस्थागत दक्ष जनशक्ति तयार गर्न सफल भएको ।
- समुदायको माग अनुसारको कार्यक्रम गर्न सकिएको ।
- जिल्ला कार्यालयको स्थापना गरी कर्मचारी समेत नियुक्त गरि निरन्तर रुपमा कार्यालय संचालन भइरहेको ।

**चुनौती :**

- स्थानीय स्रोत साधनहरुको सही सदुपयोगलाई निरन्तरता ।
- समुदायको माग र आवश्यकता अनुसारको काम गर्ने तथा आयस्रोतको खोजी गर्ने ।

**सिकाई :**

➢ सरोकारवाला सरकारी तथा गैससंहरुसंग निरन्तर सम्पर्क र समन्वय गर्ने ।

- संचारकर्मी र संचार माध्यम संग सधै समन्वय र सहकार्य गर्ने ।
- संस्थामा दक्ष जनशक्तिको छनोट र समावेशी ।

**निष्कर्ष/ सुझाव :**

- जिल्लाले गर्दै आएको गतिविधीहरुलाई निरन्तरता दिने ।
- केन्द्रिय कार्यालयले समेत समय समयमा जिल्लामा विभिन्न अभियानमुखी गतिविधीहरु संचालन गर्नुपर्ने ।
- स्थानीय स्तरमा सरोकारवालाहरुसंग निरन्तर समन्वय र सहकार्य गर्ने ।
- जिल्लास्तरमा वर्षको कम्तीमा ४ पटक विभिन्न समसामयीक विषयलाई समेटेर कार्यक्रम संचालन गर्ने ।
- संस्थाको नाममले विभिन्न प्रकाशन तथा प्रशारण गर्ने गराउने ।
- युवाहरुको लागि युवाकै नेतृत्वमा विभिन्न गतिविधीहरु संचालन गर्ने ।
- वार्षिक कार्ययोजना बनाएर काम गर्ने गराउने ।
- जिल्लास्तरीय समितिमा आवश्यकता अनुसार विषयगत क्षेत्र अनुसारको उपसमितिहरु बनाएर काम गर्ने । जस्तै कृषि, पर्यटन, युवा सशक्तिकरण, महिला सशक्तिकरण, बालसंरक्ष आदि ।

**प्रतिवेदक :**

ओम प्रकाश गिरी
जिल्ला अध्यक्ष
राष्ट्रिय युवा परिषद नेपाल
शाखा कार्यालय : पानीटंकी ५, कलैया, बारा
फोन नं. ०५३ ५५१५६१ अफिस
मो.नं. ९८५५०४५१४१
इमेल : nycnepal.bara@gmail.com
omprakash192@yahoo.com
om.hr.defender@gmail.com

**इती ।**